# बैठकका निर्णयहरु

| प्रस्ताव न. | निर्णयहरु |
|---|---|
| १ | महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदन उपर बुदाँगत रुपमा छलफल गरियो। उक्त प्रतिवेदनमा उठाइएका बेरुजुका विषय उपर प्रतिक्रिया पठाउन तोकिएको अवधि भित्र चाँडपर्वका कारण समय अपर्याप्त हुने देखिएकाले ३० (तिस) दिन म्याद थपका लागि अनुरोध गर्ने। |
| २ | नागरिक स्वास्थ्य उपचार कार्यविधि पहिलो संशोधन २०८१ स्विकृत गर्ने। । |
| ३ | आकस्मिक हेली उद्दार गर्नु भन्दा अगाडि पेश गर्नु पर्ने सम्पूर्ण कागजात स्वास्थ्य शाखामा पेश गरी कार्यालयको स्विकृति पश्चात मात्र आकस्मिक हेली उद्दारको व्यवस्था मिलाउने। |
| ४ | द माउन्टेन मेडिकल ईन्स्टिच्यूट प्रा.लि. नाम्चे सोलुखुम्बुलाई खुम्बु पासाङल्हामु गाँउपालिका वडा न.४ दिङ्गबोचे शाखा यस गाँउपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति, नविकरण तथा स्तरोन्नति सम्वन्धी कार्यविधि, २०८१ वमोजिम संचालन गर्ने गरी अनुमति प्रदान गर्ने। |
| ५ | आ.व २०८१।८२ का लागि हिमालय उद्दार संघ नेपालले फेरिचे स्वास्थ्य चौकि एवं HRA Everest- ER को लागि यस गाँउपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति, नविकरण तथा स्तरोन्नति सम्वन्धी कार्यविधि, २०८१ वमोजिम संचालन गर्ने गरी अनुमति प्रदान गर्ने। |
| ६ | विधालयको मागमा आधारित पूर्वाधार कार्यक्रम संचालनको लागि देहाय अनुसार वजेट विनियोजन गरि कार्य अगाडि वढाउनेः<br>➢ लुक्ला आ.वि. को लागि १६०००००  (सोह लाख)<br>➢ खुम्जुङ्ग आ.वि. को लागि १४०००००  (चौंध लाख) |
| ७ | युवा वर्प आधारभूत विधालयका तत्कालिन प्र.अ. तथा वि.व्य.स.अध्यक्षको कार्य सम्पादन सम्वन्धमा निजहरुलाई सचेत गराउने। |
| ८ | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालनको लागि वडा न.२ र ३ लाई छनोट गरि कार्यक्रम संचालन गर्ने। |
| ९ | महेन्द्र ज्योती मा.वि. का नेपालि शिक्षक श्री सहविर सार्किको सरुवा सहमति हाललाई प्रदान नगर्ने, यस्तो सरुवा सहमति शैक्षिक सत्रको सुरु र अन्त्यमा मात्र प्रदान गर्ने। |
| १० | स्वास्थ्य चौकि नाम्चेमा कार्यरत सि.अ.न.मी. ( पाचौं) कामि डोमा शेर्पाको असाधारण विदा १ वर्षको लागि स्विकृत गर्ने। |
| ११ | थामे आधारभूत विधालयको पुनःसंचालनको लागि थप स्थलगत अध्ययन गर्ने। |

खुम्बु पासाङल्हामु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौरीखर्क, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| १२ | Nimsdai foundation अनुदानको बिषयमा प्रदेश तथा स्थानिय तहमा अन्तरार्ष्ट्रिय विकास सहायता परिचालनसम्बन्धी मापदण्ड २०७६ अनुसार उक्त सहयोग तत्काल दिन नसक्ने वेहोरा सम्बन्धित संस्थालाई जानकारी गराउने। |
| १३ | नेपाल टेलिकम लुक्ला शाखाको CPE र Drop fiber ढुवानीको लागि व्यव्स्था स्वयम संस्थानले गर्ने गरी ब्यवस्था मिलाउन अनुरोध गर्ने । |
| १४ | खुम्बु पासाङल्हामु गाँउपालिकाका बाली संरक्षण अधिकृत श्री अमृत अर्यालाई अन्तर स्थानीय तह सरुवा सहमति दिने। |
| १५ | आमादब्लाम हिमालको फोहोर व्यवस्थापनको लागि SPCC ले पेश गरेको प्रस्ताव अनुसार रु. २०,००,०००/- (बिस लाख) बराबरको लागत साझेदारी गर्ने उक्त साझेदारिमा निम्नानुसारका क्रियाकलापहरुको खर्च भुक्तानि गर्ने। |

| क्र.स. | क्रियाकलाप | खर्च |
|---|---|---|
| १ | Equipment | 5,88,000.00 |
| २ | Packaging Item | 1,30,000.00 |
| ३ | Transportation | 1,92,000.00 |
| ४ | Wages | 8,50,000.00 |
| ५ | Insurance | 2,40,000.00 |
| | Total | 20,00,000.00 |

| | |
|---|---|
| १६ | लुक्ला आ.वि. का लागि कित्ता न. १०७२ क्षेत्रफल ३१८ वर्ग मिटरको जग्गा प्रसिको प्रक्रिया अगाडि बढाउन आवश्यक सहयोग र समन्वय गर्ने। |
| १७ | विपद् व्यवस्थापन कोषबाट थामे बाढी प्रवाभितहरुको सन्दर्भमा निम्न अनुसारको खर्च गर्ने र हालसम्म भएको निम्न खर्चलाई समेत अनुमोदन गर्ने। |

क) पूर्वाधार तर्फ

| क्र.स. | शिषर्क | बिनियोजित बजेट |
|---|---|---|
| १ | थामे बाढीको कारण बगाएकोघाट बाट टेका जाने बाटो विपद ब्यबस्थापन कोषबाट खर्च गर्ने गरी तत्काल कार्य अगाडि बढाउने । | रु.१,९३,०००/- |

ख) राहत वितरण तर्फ

| क्र.स. | शिषर्क | बिनियोजित बजेट |
|---|---|---|
| १ | संलग्न विवरण अनुसार थामेका ६३ घर परिवार,व्यवसायी एंव कर्मचारीहरुलाई राहत रकम वितरण गर्न, | रु.३८,२०,००० |
| २ | संलग्न विवरण अनुसार टोकटोकका १० घर परिवारलाई राहत रकम वितरण गर्न, | रु. १,९०,००० |

खुम्बु पासाङल्हामु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सोलुखुम्बु, चौरीखर्क, कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | ३ | थामेमा बाढी प्रभावितका संरचनाहरुको साम्रागी व्यवस्थापनमा एंव अन्य विविध खर्चमा समेत गरी | रु. ४,२५,००० |
| | ४ | थामे विधालयलाई राहत साम्रागी वितरण खर्च | रु. २८,२०० |
| | ५ | राहत ढुवानी खर्च | रु. २५,००,००० |
| | ६ | स्थलगत अध्ययन/ अवलोकन एंव राहत वितरणका लागि हेलि खर्च | रु. १०,००,००० |
| | | | रु.७९,६३,२०० |
| १८ | विविध<br>ट्रेक कार्ड सञ्चालनको लागि पुन तयार गरिएको सफ्टवेयर कार्यपालिकामा पेश हुँदा सन्तोषजनक देखिएकाले ड्राई आईस सोलुसन प्रा.लि. पुतलिसडकलाई संझौता बमोजिमको रकम भुक्तानी दिने। | | |